NSW GOVERNMENT | Education & Communities

# Getting ready for school

## A guide for parents of a child with disability

# विद्यायको लागि तयारी

## एउटा अशक्त बालबालिका भएका अविभावकहरुलाई एउटा गाईड







Nepali



तपाईको बालबालिकाको लागि Kindergarten शुरु गर्नु एउटा खुशीको क्षण हो। तपाईको बालबालिकाको लागि विद्यालयको छनौट गर्ने एउटा ठूलो निर्णय हो र अशक्त बालबालिका भएको अविभावकहरुलाई, यो प्रकृया अझै जटिल हुन सक्दछ।

यो गाईड तपाईलाई तपाईको बालबालिकाको विद्यालयको तयारी र छनौट गर्न सहयोगको लागि बनाईएको हो जसले तपाईको बालबालिकाको उत्तम आवश्यकताहरु पुरा हुन सक्दछ।

# कहाँबाट शुरु गर्ने

■ यदि तपाईको एउटा अशक्तता भएको बालबालिका छ भने तपाईलाई तपाईको स्थानिय विद्यालय वा तपाईको क्षेत्रिय कार्यालयमा विद्यालय शुरु हुनु भन्दा १२ महिना अगाडीनै सम्पर्क गर्नको लागि सुझाव दिईन्छ। यसले तपाईको बालबालिकाको विषेश शैक्षिक र टेवाको लागि आवश्यकता पर्ने कुराहरुको सम्बन्धित कर्मचारीहरु संग छलफल गर्ने अवसर दिनेछ।

■ जहाँ तपाईको बालबालिकाको विषेश शारिरीक कठिनाईको आवश्यकता भएमा तपाईलाई तपाईको स्थानिय विद्यालय वा तपाईको क्षेत्रिय कार्यालयमा विद्यालय शुरु हुनु भन्दा दुई बर्ष अगाडीनै सम्पर्क गर्नको लागि सुझाव दिईन्छ। यसले विभागलाई तपाईको बालबालिकाको लागि विद्यालयको विकल्पहरु र विद्यालय शुरु हुनु अगाडी आवश्यक संरचनाको तयारी गर्ने अवसर दिनेछ।

■ जब तपाईले प्रधानाध्यापक संग भेट्नुहुनेछ त्यसबेला हालको कुनैपनि औषधीमुलो र शारिरीक उपचार्य रिपोर्टहरु छलफलकोलागि साथैमा लिएर जानुहोला।

■ तपाईको टेवा नेटवर्कका सदस्यहरु(जस्तैः परिवार, साथीभाई, डाक्टर, बच्चाको डाक्टर, सुझाव समुह, अशक्तहरुको नेटवर्क, वैद्युधोचारक (फिजियोथेरापिस्ट), मनोवैज्ञानिक, पेशागत थेरापिष्ट, आवाज श्वर ज्ञाता) संग र विद्यालयका अन्य अविभावकहरु जसको अशक्त बालबालिकाहरु छन् उनिहरुको अनुभव बाँड्नोलागि कुरा गर्नुहोला।

■ तपाईको प्रीस्कूल वा अन्य प्रारम्भिक बालबालिका सेवाहरुले विद्यालय जानु अगाडीको अवस्थामा सहयोग गर्न सक्दछन्। यदि तपाईको बालबालिकाहरुलाई यी सेवाहरुबाट टेवा नमिलेमा तपाईले तपाईको स्थानिय विद्यालय वा क्षेत्रीय कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ, जसले विद्यालय जानु अगाडीको अवस्थामा सहयोग प्रदान गर्न सक्दछन्। तपाईले तपाईको स्थानिय क्षेत्रीय कार्यालयमा फोनः 131 536 मा फोन गरि सम्पर्क गर्न सक्नुहुनेछ।





## भर्नाका विकल्पहरु

- NSW भरि, शिक्षा र सामुदायिक विभाग (Department of Education and Communities) (DEC) ले विषेश आवश्यकता भएका विद्यार्थीहरुको टेवाको लागि बृहत प्रकारका सेवाहरु उपलब्ध गराउँदछ।

- एउटा अशक्त बालबालिकाको रुपमा चिनिएको बालकको अविभावक वा संरक्षकको हैसियतले तपाईले निम्न शैक्षिक विकल्पहरु सोच्न सक्नुहुनेछ:
  - तपाईको स्थानिय विद्यालय
  - नियमित विद्यालयमा एउटा विशेष कक्षा
  - एउटा विशेष विद्यालय (विशेष प्रयोजनको विद्यालयहरु)

## सहि विद्यालयको विकल्प पत्ता लगाउने

विद्यालयको प्रधानाध्यापकले, अभ्यास र टेवा समुहहरुको संयोजकत्वमा तपाईको बालवालिकाहरुकोलागि सहि विद्यालयको विकल्पको लागि तपाईको छनौट, तपाईको बालबालिकाको विशेष आवश्यकता र स्थानिय विशेषेज्ञहरुको उपलब्धताको ख्याल राखी सहयोग गर्नेछ। तपाईले तपाईको स्थानिय क्षेत्रीय कार्यालयले पनि तपाईको बालबालिकाकोलागि सहि विकल्प पत्तालगाउन सहयोग गर्दछ।

## एउटा अशक्तता भएको बालबालिकाकोलागि भर्ना

- नियमित कक्षामा भर्नाको लागि तपाईको स्थानिय विद्यालयबाट हुनेछ।

- विशेष कक्षा वा विशेष विद्यालयमा भर्नाकोलागि क्षेत्रिय स्थान समुह (तपाईले तपाईको स्थानिय क्षेत्रीय कार्यालयमा) नामक प्रकृया द्वारा गरिनेछ।

- यसकोबारेमा जानकारीकोलागि तपाईको क्षेत्रीय कार्यालयको फोन 131 536 मा तपाईको घरकै फोनबाट सम्पर्क गरेर पनि हासिल गर्न सक्नुहुनेछ।

## रोजाईको छोटोतालिका बनाउने

- तपाईले तपाईको स्थानिय विद्यालय पत्तालगाउनकोलागि अनलाईमा गर्न सक्नुहुनेछ। www.schools.nsw.edu.au/schoolfind/locator/ यसमा, तपाईले विशेष प्रकारको विद्यालयको लागि विशेष प्रकारको विद्यालयनामक विद्यालयको आधारमा खोज्न सक्नुहुनेछ तर यस सुबिधाको भर्नाकोलागि तपाईको क्षेत्रिय कार्यालयहरुको माध्यम द्वारा गर्नुपर्नेछ। तपाईको क्षेत्रीय कार्यालयको फोन 131 536 मा तपाईको घरकै फोनबाट सम्पर्क गर्न सक्नुहुनेछ।

- तपाईको बालबालिकाको विशेष आवश्यकताहरुको विकल्प र त्यसको बारेमा छलफल गर्नकोलागि तपाईको स्थानिय विद्यालयको प्रधानाध्यापकसंग भेट्नको लागि भेट्ने समय बनाउनुहोस्। धेरैजसो अविभावकहरुले उनिहरुको साथी वा आफन्तहरु टेवाको लग्ने पाईन्छ।

- यस मिटिङ्गमा हालसालको सम्पूर्ण औषधउपचारको विवरणहरु साथमा लिएर जानुहोला जसले तपाईले विभागिय कर्मचारीहरुसंग पुरा छलफल गर्न सक्नुहुनेछ।

- तपाईको बालबालिकाको बारेमा मिटिङ्गमा छलफल गर्नकोलागि प्रश्नहरु र सरोकारहरुको तालिका तयार गर्नु उचित हुनेछ।



## थप टेवा

यदि तपाईको बालबालिकाको अशक्तता वा अध्ययनमा कठिनाई छ भने र विद्यालयमा थप टेवा आवश्यकता पर्दछ भने कृपया तपाईको बालबालिकाको विद्यालयको प्रधानाध्यापक वा स्थानिय क्षेत्रिय कार्यालयमा सम्पर्क गर्नुहोला।

अविभावक र संरक्षकहरुनै उनिहरुको बालबालिकाको बलियोपन, क्षमता र आवश्यकताको जानकारीको श्रोत हुन्। अविभावक र विद्यालयको सकारात्मक साझेदारीले नै विद्यार्थीको उत्तम नतिजा हासिल गर्न सहज हुनेछ।

विद्यालयको अध्ययन र टेवा समुहले कक्षाकोठाको शिक्षकलाई उनिहरुको शैक्षिक आवश्यकता हासिल गर्नमा सहयोग पुर्याउँदछ। अविभावक र संरक्षकहरुले उनिहरुको बालबालिकाकोलागि अध्ययन टेवा समुहको कार्य संलग्न भएकाहरुलाई उनिहरुको छलफलमा र योजनामा सहभागि हुनाले प्रमुख भूमिका खेल्दछ।

NSW को सार्वजनिक विद्यालयले अशक्तता वा अध्ययनमा कठिनाई भएका विद्यार्थीहरुकोलागि विभिन्न तवरबाट उनिहरु हरेकको व्याक्तिगत आवश्यकताको आधारमा थप टेवाहरु प्रदान गर्दछ।

यस टेवामा संलग्न कुराहरु:

- हरेक दिन शिक्षकले उनिहरुको कक्षाकोठामा गरिएका पढाउने र अध्ययन योजनको परिवर्तन
- शिक्षकले उनिहरुको कक्षाकोठामा सहयोगको लागि विशेषज्ञहरुको सहयोग
- टेवा कर्मचारीद्वारा कक्षाकोठामा थप सहयोग
- विशेष सामाग्रीहरु त उपकरणहरुको प्रावधान
- शिक्षक र टेवा कर्मचारीहरुकोलागि विशेष तालिम।

# विद्यालयबाट अत्याधिक हासिल गर्ने

- जब तपाईले तपाईको बालबालिकाहरुकोलागि विद्यालय रोज्नुहुनेछ, जतिसक्दो बढी सहभागी हुनुहोला। तपाईको बालबालिकाको शिक्षक र विद्यालय संग सकारात्मक सम्बन्धको विकाश गर्नु होस्। यसले विद्यालयको कर्मचारीलाई तपाई र तपाईको बालबालिकाको बारेमा जान्ने अवसर दिलाउनेछ।

- तपाईको बालबालिकाको शिक्षक संग नियमित सम्पर्कमा रहनुहोस् जसले गर्दा तपाईले तपाईको बालबालिकाको अध्ययन योजना र प्रगती र तपाई वा विद्यालयलाई कुनै पनि नयाँ समस्याहरु उठेको खण्डमा छलफल गर्न सक्नुहुनेछ।

- तपाईको घर र विद्यालयको बिच खबर आदानपर्दानकोलागि कुनचाँही उत्तम प्रकृयाको छलफल गर्नुहोस। अविभआवकोरुपमा तपाईलाई तपाईको बालबालिकाको बारेमा राम्रो जानकारी हुनेछ। तपाईको बालबालिकाको उत्तम टेवा गर्ने व्यक्ती हुनुहोला।

- यदि तपाईलाई विद्यालयमा सम्पर्क गर्नकोलागि दोभाषेको सहयोगको आवश्यकता परेमा, कृपया टेलिफोन दोभाषे सेवा (Telephone Interpreter Service) लाई 131 450 मा सम्पर्क गर्नुहोस र तपाईको भाषाको दोभाषेको लागि भन्नुहोस्। अपरेटरले तपाईको संवादमा सहयोग गर्नकोलागि तपाईको विद्यालयमा सम्पर्क गरिदिनेछ। संभव भए सम्म यदि अनुरोध गरेको खण्डमा विद्यालयको मिटिङ्गमा दोभाषेको उपस्थितीको व्यवस्था गरिदिनेछ। यो सेवा तपाईकोलागि निशुल्क हुनेछ।








## थप जानकारीका श्रोतकोलागि

- www.schools.nsw.edu.au/gotoschool/enrolment/index.php (अंग्रेजी वेभसाईट)
- *मेरो बालबालिकालाई कसले पढाउने छ? (Who's Going to Teach My Child?)* (अंग्रेजीमा मात्र) www.schools.nsw.edu.au/media/downloads/schoolsweb/studentsupport/programs/lrngdificulties/whoteach.pdf
- चरम पुलहरु DVD (Critical Bridges DVD) (अंग्रेजीमा मात्र) www.det.nsw.edu.au/detresources/critbridges_YKSeRaDPnn.pdf
- विद्यालय शुरु DVD (Starting School DVD) (साधहरु अरविक, क्यानोनिज, डारी, डिन्का, अंग्रेजी, कोरियन, म्याण्डरिन र भेतनामिज।) फोन Gowrie NSW लाई (02) 8571 9700 मा फोन गरि प्रतिलिपी माग्नुहोस।

**NSW Department of Education and Communities**

**क्षेत्रिय कार्यालयको सम्पर्क नंम्बरहरु**
**Regional office contact numbers**

| | |
|---|---|
| Hunter/Central Coast | 4924 9999 |
| Illawarra & South Coast | 4222 2929 |
| New England | 6755 5934 |
| North Coast | 6652 0500 |
| Northern Sydney | 9886 7690 |
| Riverina | 6937 3871 |
| South Western Sydney | 9796 5446 |
| Sydney | 9217 4877 |
| Western NSW | 6841 2110 |
| Western Sydney | 9208 9359 |

# मेरो संम्पर्क (My contacts)

स्थानिय विद्यालय: (Local school:)

प्रधानाध्यापकको नाम: (Principal name:)

फोन: (Phone:)

टिप्पणी: (Notes:)

क्षेत्रिय कार्यालय: (Regional office)

सम्पर्क नाम: (Contact name)

फोन: (Phone:)

टिप्पणी: (Notes:)

© April 2012
NSW Department of Education and Communities

GPO Box 33
Sydney NSW 2001
Australia
T (02) 9561 8000
www.det.nsw.edu.au

NSW GOVERNMENT | Education & Communities